Sub.Code : 2241

# NEB - GRADE XII
## 2082 (2025)
## Population Studies

(रजिस्ट्रेसन नम्बरका सुरुका दुई अङ्क ७८, ७९, ८० र ८१ भएका नियमित तथा आंशिक परीक्षार्थीहरूका लागि)

*विद्यार्थीहरुले सकेसम्म आफ्नै शब्दमा उत्तर दिनुपर्नेछ । दायाँ किनारामा दिइएको अङ्कले पूर्णाङ्क जनाउँदछ ।*

*Candidates are required to give their answers in their own words as far as practicable. The figures in the margin indicate full marks.*

**Time: 3 hrs.** **Full Marks: 75**

**सबै प्रश्नको उत्तर दिनुहोस् (Attempt all question)**

**समूह 'क' (Group 'A')**

**(अति संक्षिप्त उत्तरात्मक प्रश्नहरू/ Very short answer questions) [११×१=११]**

१. हालसम्मका जनसङ्ख्याको सिद्धान्तहरूमध्ये कुन सिद्धान्त आधुनिक, पछिल्लो र वैज्ञानिक मानिन्छ ?
Which population theory is considered as modern, latest and scientific till now ?

२. सन् २०२२ को विश्व जनसङ्ख्या तथ्याङ्क तालिका अनुसार सबैभन्दा उच्च औसत आयु भएको सार्क राष्ट्र कुन हो ?
Which SAARC country has the highest life expectancy according to world population data sheet, 2022 ?

३. कोरा विवाह दरको सूत्र लेख्नुहोस् ।
Write the formula of crude marriage rate.

४. शिशु मृत्युदर मापन गर्ने सूत्र लेख्नुहोस् ।
Write the formula to calculate infant mortality rate.

५. कुल जनसङ्ख्या ३०,००० भएको सहरमा ६०० जना मानिसहरू बसाइँ सरी आए भने उक्त सहरको आन्तरिक बसाइँसराइ दर कति होला ?
If 600 people inmigrate in a city and the total population of that city was 30,000, what would be the inmigration rate of that city ?

६. गर्भपतनका कुनै दुई प्रमुख कारणहरू पहिचान गर्नुहोस् ।
Identify any two major causes of abortion.

७. तपाईं कसरी सुरक्षित यौन व्यवहार अपनाउनुहुन्छ ? कुनै दुई उपायहरू उल्लेख गर्नुहोस् ।
How do you applied safer sexual behaviour ? Mention any two methods.





८. रेखाचित्रका कुनै दुई प्रकारहरू उल्लेख गर्नुहोस् ।
Mention any two types of diagram.

९. अविच्छिन्न श्रेणीमा बहुलक मापन गर्ने सुत्र उल्लेख गर्नुहोस् ।
Mention the formula use to measure mode in continuous series.

१०. तथ्याङ्क संकलन गर्ने कुनै दुईवटा विधिहरू लेख्नुहोस् ।
Write any two methods for data collection.

११. 'प्रजनन' शीर्षकमा अनुसन्धान गरिने एउटा अनुसन्धानको विषयवस्तु पहिचान गर्नुहोस् ।
Identify a researchable topic related to the content of 'fertility'.

**समूह 'ख' (Group 'B')**

**(संक्षिप्त उत्तरात्मक प्रश्नहरू/ Short answer questions) [८×५=४०]**

१२. सी.पी. ब्लाकरका अनुसार जनसाङ्ख्यिक संक्रमणका विभिन्न चरणहरूको वर्णन गर्नुहोस् ।
Describe the different stages of demographic transition as mentioned by C.P. Blacker.

१३. सार्क राष्ट्रहरूको वर्तमान जनसङ्ख्याको आकार र वृद्धिदर छोटकरीमा वर्णन गर्नुहोस् ।
Describe briefly the current population size and growth rate of SAARC countries.

१४. 'भौगोलिक क्षेत्रले प्रजननलाई प्रभाव पार्दछ' । तर्कसहित पुष्टि गर्नुहोस् ।
'Geographical region affects the fertility'. Justify this statement with logic.

१५. कुनै सहरमा वि.सं. २०७८ सालमा २०-२४ वर्ष उमेर समूहका व्यक्तिहरू ३५० थिए र सोही वर्ष भित्र त्यही उमेर समूहका १२ जना व्यक्तिहरूको मृत्यु भयो भने उक्त सहरको त्यस वर्षको २०-२४ वर्ष उमेर समूहको उमेर विशिष्ट मृत्युदर गणना गर्नुहोस् ।
The number of population aged group 20-24 years in a city at 2078 B.S. was 350. Out of them 12 peoples were died. Calculate the age specific death rate aged 20-24 years of that city in that year.

१६. जनसङ्ख्या र विकासबिचको सम्बन्धलाई व्याख्या गर्नुहोस् ।
Describe the relationship between the population and development.

अथवा (Or)

विकासको आधारभूत सूचकहरू मध्ये मानव विकास सूचाङ्कको बारेमा व्याख्या गर्नुहोस् ।
Describe the human development index among the basic indicator of development.

१७. जनसाङ्ख्यिक लाभांशलाई परिभाषित गर्दै नेपालको सन्दर्भमा यसको उपयोग गर्ने कुनै चारवटा उपायहरू लेख्नुहोस् ।
Define demographic dividend. Write any four ways of utilizing it in the context of Nepal.

१८. तल दिइएको तथ्याङ्कबाट स्तरीय विचलन पत्ता लगाउनुहोस्।

Calculate the standard deviation from the following data.

| प्राप्ताङ्क (Marks Obtained) | 0-10 | 10-20 | 20-30 | 30-40 | 40-50 |
|---|---|---|---|---|---|
| विद्यार्थी सङ्ख्या (No. of Students) | 6 | 8 | 10 | 8 | 4 |

१९. परिवार नियोजनका साधन प्रयोग सम्बन्धी विषयमा अनुसन्धान गर्दा तथ्याङ्क संकलनका लागि प्रयोग गरिने कुनै पाँच प्रश्नहरूको नमुना तयार गर्नुहोस्।

Prepare any five model question need for data collection related to conduct for research about family planning devices.

## समूह 'ग' (Group 'C')

**(विस्तृत उत्तरात्मक प्रश्नहरू/ Long answer questions)** **[३×८=२४]**

२०. वर्तमान अवस्थामा गाउँ र सहर सम्बन्धको बारेमा चार बुँदामा व्याख्या गर्नुहोस्।

Write down the relationship between urban and rural linkage at present days with any four points.

२१. नेपालमा लैङ्गिकतामा आधारित हिंसा हुनुका चार कारण र हिंसा न्युनीकरणका लागि तपाईंले गर्न सक्ने चार प्रयासहरू उल्लेख गर्नुहोस्।

State any four causes of gender based violence and mention any four efforts that you can played to minimize against violence in Nepal.

अथवा (Or)

सामाजिक सञ्जालको प्रयोगले तपाईंको जीवनशैलीमा के कस्ता प्रभावहरू पारिरहेको छ ? आठ बुँदामा आफ्नो राय प्रस्तुत गर्नुहोस्।

What are the affects of social media to your life style ? Give your opinion with eight points.

२२. तपाईंको समाजमा देखापरिरहेको यौन दुर्व्यवहारहरूको समस्या समाधान गर्ने कुनै आठवटा उपायहरू लेख्नुहोस्।

State any eight measures to solve the problem of sexual abuses arising at your community.

-0-